जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक १९३ • २०८३ बैशाख २१ गते सोमवार • 4 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## जनकपुरधाममा पहिलो पटक पाँचतारे होटल निर्माण हुने

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० बैशाख**




धार्मिक तथा सांस्कृतिक नगरी जनकपुरधाममा पहिलो पटक पाँचतारे होटल निर्माण हुने भएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए)का पूर्वउपाध्यक्ष रामेश्वर शाहको नेतृत्वमा 'मिथिला हस्पिटालिटी' अन्तर्गत उक्त महत्वाकांक्षी परियोजना अघि सारिएको हो ।

चितवनमा 'रोयल टुलिप रिसोर्ट' सञ्चालन गरेर हस्पिटालिटी क्षेत्रमा पहिचान बनाइसकेका शाहले अब मधेश प्रदेशमै ठूलो लगानी विस्तार गर्न लागेका हुन् । करिब २ अर्ब रुपैयाँ लागतमा निर्माण हुने होटल जनकपुरधामको पर्यटन पूर्वाधार विकासमा कोसेढुंगा सावित हुने विश्वास गरिएको छ ।

करिब २ लाख वर्गफिट क्षेत्रफलमा फैलिने परियोजनाको निर्मित क्षेत्रफल १ लाख २० हजार वर्गफिट रहनेछ । होटल तीन वर्षभित्र निर्माण सम्पन्न गरी २०८६ साल वैशाखदेखि सञ्चालनमा ल्याउने लक्ष्य लिइएको छ । होटलमा ८ विलासी सुइटसहित १२४ कोठा र ३७२ बेड रहनेछन् । परियोजनामा पूर्व बैंकर ज्ञानेन्द्र ढुंगाना, व्यवसायी काजी लामा, सुदीप चौधरी र उदयकान्त झा लगायतको पनि लगानी रहने जनाइएको छ ।

सुविधाका हिसाबले होटललाई पूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ । यहाँ उच्चस्तरीय रेस्टुरेन्ट, लाइभ किचन, क्याफे लाउन्ज, लाइभ म्युजिकसहितको बार, रूफटप पूल बार, बैंक्वेट हल, व्यापार केन्द्र, स्पा, हेल्थ क्लब, टेनिस कोर्ट, एम्फीथिएटर तथा ईभी चार्जिङ स्टेशन जस्ता सेवा उपलब्ध गराइनेछ । परियोजना सञ्चालनमा आएपछि करिब १५० जनाले प्रत्यक्ष रोजगारी पाउनेछन् भने स्थानीय व्यवसाय र सेवा क्षेत्रमासमेत सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ । जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको आवास सुविधा अभाव भइरहेका बेला यो परियोजनाले धार्मिक पर्यटक, जानकी मन्दिरका दर्शनार्थी, विवाह महोत्सवका सहभागी तथा व्यापारिक प्रतिनिधिहरूलाई लक्षित गर्दै पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।


## विभिन्न कार्यक्रमको आयोजना गर्दै विश्व प्रेस स्वतन्त्रता दिवस मनाईयो



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० बैशाख**

नेपाल पत्रकार महासंघ धनुषाले आइतबार विभिन्न कार्यक्रमको आयोजना गर्दै विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको छ । 'शान्तिपूर्ण भविष्यको निर्माण: मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' नारासहित दिवस मनाइएको हो । दिवसको अवसरमा महासंघले जनकपुरधाम नगर क्षेत्रमा प्रभातफेरी आयोजना गरी पदयात्रा गरेको थियो । सञ्चारकर्मीहरूको सहभागितामा भएको उक्त कार्यक्रमले प्रेस स्वतन्त्रताको महत्वबारे जनचेतना फैलाउने प्रयास गरेको आयोजकले जनाएको छ । प्रभातफेरीपछि आयोजित अन्तरक्रिया कार्यक्रममा 'प्रेस स्वतन्त्रता र वर्तमान पत्रकारिताको अवस्था' विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा वक्ताहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संवैधानिक अधिकार भएको उल्लेख गर्दै यसलाई कुण्ठित गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने बताएका थिए । नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्धनारायण सहनी, महासंघ मधेशका महासचिव शैलेन्द्र महतो, महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत लगायतले आ-आफ्नो धारणा राखेका थिए । उनीहरूले लोकतन्त्र सुदृढीकरणका लागि स्वतन्त्र र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेकोमा जोड दिएका थिए ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



महिला हिंसा

महिला हिंसा होइन समाधान,
आदर हो पहिचान ।
महिलालाई सम्मान गरौं, सभ्य
समाज निर्माण गरौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जलेश्वर टुडे

Jaleshwor Today National Daily



## सम्पादकीय..................

### सुकुम्बासी विस्थापनको समाधान डोजर होइन

सुकुम्बासी विस्थापन केवल प्रशासनिक निर्णय होइन, यो राजनीतिक प्राथमिकताको प्रतिबिम्ब रहेको देखिन्छ । सहरको 'सौन्दर्य' र 'निवेश आकर्षण'लाई प्राथमिकता दिँदा गरिब समुदायलाई हटाउनु सजिलो समाधान मानिन्छ । तर, लोकतन्त्रमा राज्यको दायित्व केवल संरचना बनाउने होइन- मानिसको गरिमा जोगाउने पनि रहेको देखिन्छ। जब राज्यले कमजोर वर्गलाई सुन्न छोड्छ तब विकास असमानताको अर्को नाम बन्ने देखिन्छ। पुनर्वास बिना विस्थापन अवैध छ। प्रभावित समुदायसँग परामर्श पर्याप्त सूचना र वैकल्पिक व्यवस्था अनिवार्य हुनुपर्ने देखिन्छ। पुनर्वासबिना विस्थापन मानव अधिकार उल्लंघन हुन्छ । तर, व्यवहारमा यी सिद्धान्तहरू अक्सर बेवास्ता गरिन्छ । राज्यले जब पुँजी र सौन्दर्यलाई प्राथमिकता दिन्छ तब गरिबको अस्तित्व बोझजस्तो देखिन थाल्छ । तर, लोकतन्त्रको असली परीक्षा यही हो- के राज्यले कमजोरको अधिकार जोगाउन सक्छ ? सवाल केवल सुकुम्बासीको होइन, हाम्रो समाजको नैतिकताको रहेको देखिन्छ । यदि, विकासको नाममा हामीले सबैभन्दा कमजोरलाई नै हटाइरहेका छौं भने त्यो विकास होइन- विस्थापनको संस्थागत रूप रहेको देखिन्छ। सहर केवल भवन र सडकले होइन, मानिसले बन्छ , जब मानिसलाई नै हटाइन्छ, सहर खाली संरचना मात्र बाँकी रहने देखिन्छ। अन्ततः सुकुम्बासी विस्थापनको समाधान डोजर होइन- न्याय, संवाद र समावेशी नीति रहेको देखिन्छ । जबसम्म 'राइट टु हाउजिङ', 'राइट टु लाइभली हुड', 'राइट टु एजुकेसन'लाई व्यवहारमा लागू गरिँदैन, तबसम्म कुनै पनि सहर साँच्चिकै विकसित हुने देखिदैन । यसर्थ बालेन सरकारले त्रास देखाएको बखत जनताको समस्यालाई गम्भीरताका साथ हेर्न जरुरी छ ।

# आफ्नै पतिको हत्या गरेको आरोप लागेकी एक महिला र उनकी दुई बहिनी सात वर्षपछि पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २० बैशाख**

'सार्प सुटर' प्रयोग गरेर आफ्नै पतिको हत्या गरेको आरोप लागेकी एक महिला र उनकी दुई बहिनीलाई महोत्तरी प्रहरीले सात वर्षपछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा महोत्तरीको बर्दिवास नगरपालिका-३ गौरीडाँडा निवासी ३८ वर्षीया पुजा थापा, उनकी बहिनीहरू गौरीडाँडाकै ३३ वर्षीया निशा बस्नेत (गौतम) र सिन्धुलीको कमलामाई नगरपालिका- ९ बस्ने ३६ वर्षीया आरती बस्नेत (थापा) छन् । पुजाले ७ वर्षअघि आफ्ना पाँच बहिनी र आमाकोसमेत सहयोग लिएर सर्लाही र रौतहटका पाँचजना 'सार्प सुटर'हरूको प्रयोग गरी पति श्रवण थापा (सरोज)को हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमले जानकारी दिए ।

'हत्यापछि भारतमा बस्दै आएका उनीहरूलाई हामीले बाँकेको सीमा क्षेत्रबाट पक्राउ गरेर तीन दिनअघि महोत्तरी ल्याएका छौं,' डीएसपी बमले भने, 'हाल उनीहरूलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीको हिरासतमा राखेर थप अनुसन्धान कार्य भइरहेको छ ।' यो घटनामा जोडिएका १२ जना अभियुक्तमध्ये चार जनालाई प्रहरीले त्यतिबेलै पक्राउ गरेको थियो। अझै मृतक सरोजकी सासु लक्ष्मी बस्नेत, सालीहरू कोपिला बस्नेत, अनुसा बस्नेत र सोनी बस्नेत तथा सार्प सुटर जाल मोहम्मद फरार रहेका प्रहरीले जनाएको छ। घटना विवरण अनुसार ५ भदौ २०७६ को राति बर्दिवास-सिन्धुली सडक खण्डमा पर्ने बर्दिबास-३ को स्मृतिपार्क नजिकै ०२-००१ प ३०५४ स्कुटरसँगै श्रवण थापा घाइते अवस्थामा भेटिएका थिए। स्कुटरमा कुनै क्षति नभएको तर टाउकोमा गहिरो चोट लागेको अवस्थामा त्यतिबेला थापा गम्भीर घाइते अवस्थामा भेटिएका थिए । श्रवनलाई प्रहरीले उद्धार गरेर उपचारको लागि बर्दिवासको एक अस्पताल पुर्याउँनासाथ चिकित्सकले मृत घोषणा गरेका थिए। घटनाको प्रकृति हेर्दा सुरुदेखि नै श्रवणको सवारी दुर्घटनामा मृत्यु नभएको र घटना सुनियोजित हुनसक्ने अनुमान प्रहरीले गरेको थियो ।

# महेन्द्रनगरमा सन्त रामपालजी महाराजको तीनदिने धार्मिक सत्संग सम्पन




**ओ पी साह**
**धनुषा, २० बैशाख**

धनुषाको महेन्द्रनगरस्थित सन्त रामपालजी महाराजको आश्रममा आयोजित तीनदिने धार्मिक सत्संग, भण्डारा तथा आध्यात्मिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा श्रद्धालु भक्तजनको उल्लेखनीय उपस्थिति रहेको थियो ।

तीनदिने कार्यक्रमको अन्तिम दिन मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, नेपाली कांग्रेसका नेता डा. चन्द्रमोहन यादव ,बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लाद कुमार क्षेत्री लगायत विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा धार्मिक प्रवचन, सत्संग तथा आध्यात्मिक उपदेशमार्फत मानव कल्याण, सत्य मार्ग र नैतिक जीवनबारे सन्देश प्रवाह गरिएको आयोजक पक्षका राजेश यादवले जानकारी दिए। धार्मिक तथा सामाजिक सद्भाव प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा भक्तजनहरूको उत्साहजनक सहभागिता देखिएको थियो ।

# २०८२/८३ का लागि खरिद गरिएको उखुको अधिकांश भुक्तानी सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २० बैशाख**

महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलले चालु क्रसिङ सिजन २०८२/८३ का लागि खरिद गरिएको उखुको अधिकांश भुक्तानी सम्पन्न गरेको जनाएको छ । मिलका अनुसार यस सिजनमा ११ हजार ८१८ किसानबाट २८ लाख ५३ हजार १७९ क्विन्टल उखु खरिद गरिएको थियो । सो उखुबाट दुई लाख ६१ हजार ७३८ क्विन्टल चिनी उत्पादन भएको एभरेस्ट चिनी मिलले जनाएको छ ।

खरिद गरिएको उखुको कुल एक अर्ब ७६ करोड ४२ लाख ५५ हजार रुपियाँ किसानको बैङ्क खातामा भुक्तानी गरिएको मिलका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले जानकारी दिनुभयो ।

मिलले महोत्तरी, सर्लाही र धनुषाका किसानबाट उखु खरिद गरेको थियो । यस वर्ष सरकारले उखुको समर्थन मूल्य प्रतिक्विन्टल ३५ रुपियाँ बनाएपछि मिल गेटमा ६२० रुपियाँ र खरिद केन्द्रमा ५९५ रुपियाँ प्रतिक्विन्टलका दरले भुक्तानी गरिएको ठाकुरले बताउनुभयो । यद्यपि बैङ्किङ प्रक्रिया नमिल्दा १३ जना किसानको करिब तीन लाख ७० हजार रुपियाँ भुक्तानी हुन बाँकी छ । ती किसानसँग सम्पर्कको प्रयास भइरहेको र खाता विवरण प्राप्त हुनासाथ भुक्तानी गरिने मिलले जनाएको छ ।

उखु खेतीमा गिरावट देखिएपछि एभरेस्ट मिलले अघिल्लो सिजन २०८०/८१ देखि उखु खरिद गरेको एक साताभित्रै भुक्तानी दिने नीति लागु गरेको थियो । समयमै भुक्तानी हुँदा उत्पादन वृद्धि हुने अपेक्षा गरिए पनि यस वर्ष लक्ष्य अनुसार उत्पादन हुन सकेन । गत वर्ष १२ हजार पाँच बिघामा उखु खेती गरिएकोमा यस वर्ष उत्पादन लक्ष्यभन्दा करिब चार लाख क्विन्टलले कम भएको छ। उखु उत्पादक कृषक महासङ्घका केन्द्रीय सदस्य महाशङ्कर थिङले समयमै भुक्तानी सकारात्मक भए पनि न्यूनतम समर्थन मूल्य निर्धारण नगरेसम्म उत्पादन वृद्धि सम्भव नरहेको बताउनुभयो ।

वर्तमान महँगी र उत्पादन लागतलाई हेर्दा प्रतिक्विन्टल ७५० रुपियाँ समर्थन मूल्य किसानको न्यूनतम आवश्यकताभित्र पर्ने उहाँको भनाइ छ ।

## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने

वृष: खानपानमा समस्या आउने

मिथून: अशुभ समाचार प्राप्त हुने

कर्कट: मनमा पछुतो आउने

सिंह: शुभ कार्यको शुरुवात

कन्या: पिछडेको साथी मिल्ने

तुला: पढाईमा ध्यान दिनुपर्ने

वृश्चिक: अनावश्यक चिन्ता

धनु: अनावश्यक खर्चको संभावना

मकर: लामो यात्राको योग छ

कूम्भ: विचार गरेर बोल्नुहोला

मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## "अमेरिकासँग कि 'खराब सम्झौता' कि 'असम्भव युद्ध'को विकल्प मात्र बाँकी"

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० बैशाख**



इरानको शक्तिशाली सैन्य सङ्गठन 'इस्लामिक रिभोलुसनरी गार्ड कोर' (आईआरजीसी) ले संयुक्त राज्य अमेरिकासँग अब सीमित विकल्प मात्र बाँकी रहेको दाबी गरेको छ । आइतबार आईआरजीसीको गुप्तचर एकाइले जारी गरेको वक्तव्य अनुसार, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अब इरानसँग कि त 'खराब सम्झौता' गर्नुपर्ने वा 'असम्भव सैन्य अभियान' रोज्नुपर्ने परिस्थिति सिर्जना भएको छ ।

सामाजिक सञ्जाल 'एक्स' मा गरिएको एक पोस्टमार्फत आईआरजीसीले वासिङ्टनको निर्णय लिने दायरा निकै साँघुरिएको उल्लेख गरेको छ। इरानले अमेरिकी सेनालाई इरानी बन्दरगाहमाथिको नाकाबन्दी अन्त्य गर्न एक महिनाको समयसीमा (डेडलाइन) तोकेको खबरहरू सार्वजनिक भएका छन् । तेहरानले अगाडि सारेको १४ बुँदे नयाँ शान्ति प्रस्तावमा होर्मुज जलडमरूमध्य खुला गर्ने र नौसैनिक नाकाबन्दी हटाउने विषयलाई प्राथमिकता दिइएको छ । आईआरजीसीका अनुसार इरानविरुद्धको अमेरिकी नीतिका सम्बन्धमा चीन, रुस र युरोपको अडानमा आएको परिवर्तनले पनि अमेरिकालाई दबाबमा पारेको छ ।

"यी सबै घटनाक्रमलाई मध्यनजर गर्दा अब अमेरिकासँग निर्णय लिनका लागि धेरै सीमित र कठिन विकल्पहरू छन्," वक्तव्यमा दाबी गरिएको छ । यसैबीच, राष्ट्रपति ट्रम्पले इरानको प्रस्तावलाई समीक्षा गर्ने बताए पनि आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत कडा टिप्पणी गरेका छन् । उनले इरानले विगत ४७ वर्षमा मानवता र विश्वविरुद्ध गरेको कार्यको अझै पर्याप्त मूल्य नचुकाएको भन्दै यो प्रस्ताव स्वीकार्य हुनेमा शङ्का व्यक्त गरेका छन् । फेब्रुअरी २८ मा इरानमाथि भएको संयुक्त आक्रमण र त्यसपछिको तनावपूर्ण परिस्थितिका बीच इरानले यो नयाँ कूटनीतिक कार्ड अगाडि बढाएको हो ।

## दोस्रो सर्वाधिक कमाउने भारतीय फिल्म बन्यो धुरन्धर-२

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० बैशाख**



बलिउड अभिनेता रणबीर सिंहको फिल्म धुरन्धर-२ विश्वभर सर्वाभिक कमाउने दोस्रो भारतीय फिल्म बनेको छ । विश्वभर फिल्मको कमाई १ हजार ७८८ करोड ३२ लाख भारु पुगेको छ। धुरन्धर-२ ले बाहुबली-२ लाई उछिनेको छ । बाहुबली-२ को वर्ल्डवाइड कलेक्शन १ हजार ७८८ करोड ६ लाख भारु थियो ।

कमाईको मामिलामा धुरन्धरभन्दा अगाडि दंगल छ । यो फिल्मको वर्ल्डवाइड कलेक्शन २ हजार ७० करोड छ । ट्रेड वेबसाइट स्याकनिल्कको अनुसार रिलिजको ४५औं दिनमा फिल्मले भारतमा २ करोड ७७ लाख नेट कलेक्सन गरेको छ । फिल्मको भारतमा नेट कलेक्सन अब १ हजार १३८ करोड ५४ लाख भारु पुगेको छ। भारतमा यसको ग्रस कलेक्सन १ हजार ३६२ करोड ५७ लाख भारु पुगेको छ ।

नेट कलेक्शन भनेको कुल टिकट बिक्री हो, जबकि ग्रस कलेक्शन भनेको कर पछिको आम्दानी हो। विदेशमा फिल्मको कलेक्शन अहिले ४२५ करोड ७५ लाख भारु पुगेको छ । फिल्मको वर्ल्डवाइड ग्रस कलेक्शन १ हजार ७८८ करोड ३२ लाख भारु पुगेको छ । धुरन्धरले पाएको थियो शानदार प्रतिक्रियाः धुरन्धरको पहिलो भागले भारतीय र अन्तर्राष्ट्रिय बक्स अफिसमा असाधारण रूपमा राम्रो प्रदर्शन गरेको थियो। फिल्मले विश्वभरमा लगभग १ हजार ३०७ करोड कमाएको छ। भारतमा फिल्मको ग्रस कलेक्शन १ हजार ५ करोड ८५ लाख भारु थियो, जबकि नेट कलेक्शन करीब ८४० करोड थियो। फिल्मले विदेशी बजारमा पनि राम्रो प्रतिक्रिया पाएको थियो । यसले विदेशमा लगभग २९९ करोड ५० लाख भारु कमाएको थियो ।

## राजनीतिक नेतृत्वको प्रतिबद्धताले निजी क्षेत्रको आत्मविश्वास फर्कनेछः अध्यक्ष ढकाल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० बैशाख**



नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले राजनीतिक नेतृत्वबाट प्राप्त स्पष्ट प्रतिबद्धता र आश्वासनले निजी क्षेत्रको खस्किएको आत्मविश्वास पुनःस्थापित हुने विश्वास व्यक्त गरे। राष्ट्रिय स्वतन्त्र पार्टीले काठमाडौँमा आयोजना गरेको निजी क्षेत्रसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले निजी क्षेत्रको लगानी र व्यावसायिक सक्रियता अभिवृद्धि गर्न राज्य र राजनीतिक दलहरूको सहयोग अपरिहार्य रहेको बताए ।

अध्यक्ष ढकालले रोजगारी सिर्जना, राजस्व वृद्धि र मुलुकको समग्र पूर्वाधार विकासमा निजी क्षेत्रको अहं भूमिका रहने उल्लेख गर्दै नेतृत्वबाट प्राप्त सकारात्मक सन्देशले उद्योगी व्यवसायीमा नयाँ उत्साह सञ्चार गर्ने बताए। परम्परागत शैलीमा चलिरहेका कतिपय पद्धतिलाई सुधार गर्ने क्रममा केही अन्योल देखिए पनि निजी क्षेत्रलाई पूर्ण सहयोग गर्ने र आफ्ना वाचापत्र अनुसार नै अगाडि बढ्ने राजनीतिक नेतृत्वको प्रतिबद्धता सराहनीय रहेको उनको भनाइ थियो। उनले भने, 'पछिल्लो समय निजी क्षेत्रको आत्मविश्वास केही कमजोर भएको अवस्थामा राजनीतिक नेतृत्वबाट प्राप्त स्पष्ट धारणाले सकारात्मक सन्देश दिएको छ ।

यसले आगामी दिनमा थप लगानी भित्र्याउन, व्यावसायिक क्रियाकलाप विस्तार गर्न र समृद्ध नेपाल निर्माणको लक्ष्य प्राप्त गर्न सहयोग पुग्नेछ ।'

## फुलहमलाई हराउँदै शीर्षस्थानको आर्सनलले बढायो अग्रता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० बैशाख**




इंग्लिस प्रिमियर लिग फुटबल अन्तर्गत गएराति भएको खेलमा शीर्षस्थानको आर्सनलले फुलहमलाई ३-० ले पराजित गर्दै शीर्षस्थानमा आफ्नो अग्रता थप बलियो बनाएको छ ।

शनिबार राति एमिरेट्स रंगशालामा भएको खेलमा आर्सनलले पहिलो हाफमै तीन गोल गर्दै सहज जित निकालेको हो। भिक्टोर ग्योकेरेसले दुई तथा बुकायो साकाले एक गोल गरे । खेलको नवौं मिनेटमा साकाको पासमा ग्योकेरेसले गोल गर्दै आर्सनललाई अग्रता दिलाए । ४०औं मिनेटमा ग्योकेरेसकै पासमा साकाले उत्कृष्ट गोल थपे । पहिलो हाफको इन्जुरी समयमा ग्योकेरेसले दोस्रो व्यक्तिगत गोल गर्दै टोलीको जित पक्का गरे ।

यो जितसँगै आर्सनलले तालिकाको शीर्षस्थानमा दोस्रो स्थानको म्यान्चेस्टर सिटीसँग ६ अंकको अग्रता बनाएको छ । आर्सनलको ३५ खेलबाट ७६ अंक भएको छ। दुई खेल कम खेलेको सिटीको ७० अंक छ । सिटीले आज राति एभर्टनसँग अवे खेल खेल्दै छ। गएराति नै भएका अन्य खेलमा ब्रेन्टफोर्डले पनि वेस्ट ह्र्‍यामलाई ३-० ले पराजित गर्‍यो भने न्युकासलले ब्राइटनलाई ३-१ ले हरायो । यस्तै वुलभ्स र सन्डरल्यान्डले १-१ को बराबरी खेले ।

## किसानको मागप्रति सरकार गम्भीर बनोस् : अध्यक्ष महतो

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २० बैशाख**



नेपाल पिछडा वर्ग किसान महासंघले किसानका विभिन्न समस्यालाई समाधान गर्न सरकारसमक्ष ध्यानाकर्षण गराएको छ। महासंघले कृषि मन्त्रालयलाई ज्ञापनपत्र बुझाउँदै सिँचाइ, भूमिहीन सुकुम्बासीको व्यवस्थापन, कृषि अनुदान, मलखाद उपलब्धता तथा किसानमैत्री नीति लागू गर्न माग गरेको हो ।

महासंघले चुरे क्षेत्रको संरक्षण गर्दै नहर प्रणालीमार्फत किसानलाई सहज सिँचाइ सुविधा उपलब्ध गराउनुपर्ने, वास्तविक सुकुम्बासी किसानलाई जग्गा व्यवस्थापन गरी खेतीपातीमा जोड्नुपर्ने तथा कृषि सडक, सिँचाइ र कृषि उपकरणमा अनुदान दिनुपर्ने माग अघि सारेको छ।नेपाल पिछडा वर्ग किसान महासंघका अध्यक्ष राम प्रबोध महतोले किसानका समस्या समाधानका लागि सरकार गम्भीर बन्नुपर्ने बताएका छन् । त्यसैगरी किसानलाई समयमा मलखाद उपलब्ध गराउन, कृषि सामग्रीको दुरुपयोग रोक्न तथा विपन्न किसानको आवाज सुन्न सरकारसँग आग्रह गरिएको महासंघले जनाएको छ । किसानका समस्याप्रति राज्य गम्भीर बन्नुपर्ने भन्दै महासंघले तत्काल प्रभावकारी कदम चाल्न चेतावनीसमेत दिएको छ ।

## चैतमसान्तसम्म सुकुमवासीको व्यवस्थापन गरिसक्न सरकारलाई रास्वपाको सुझाव

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० बैशाख**



सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भूमिहीन सुकुमवासीहरूको स्थानान्तरण र व्यवस्थित पुनर्स्थापनाको काम आगामी चैत मसान्तभित्र गरिसक्न सरकारलाई सुझाव दिएको छ ।

आइतबार बसेको पार्टीको सचिवालय बैठकले यस्तो निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए । प्रवक्ता झाका अनुसार रास्वपाले चैत मसान्तभित्र सबै सुकुमवासीलाई सुरक्षित आवासमा स्थानान्तरण गरी गाँस, वास र स्वास्थ्यको न्यूनतम व्यवस्था सुनिश्चित गर्न सरकारलाई आग्रह गरेको छ ।

विशेष गरी काठमाडौँ उपत्यकाका खोलाकिनारमा जोखिमपूर्ण अवस्थामा बसोवास गरिरहेका नागरिकलाई बाढी आउनुअगावै सुरक्षित स्थानमा सार्नुपर्नेमा पार्टीले जोड दिएको उनले बताए । बैठकले अधिकार सम्पन्न प्राधिकरण गठन गरी सुकुमवासीहरूको यथार्थ लगत संकलन नगरेसम्म अव्यवस्थित रूपमा डोजर चलाउने कार्य रोक्न पनि सरकारलाई सुझाव दिएको छ। अवैध अतिक्रमण वा अपचलनको उद्देश्यले निर्माण गरिएका संरचना बाहेक अन्य स्थानमा जबर्जस्ती हटाउने कार्य तत्काल बन्द गर्नुपर्ने प्रवक्ता झाको भनाइ छ। उनले भने, "प्राधिकरणले लगत उपलब्ध नगराएसम्म अतिक्रमण गरिएका संरचना बाहेक अन्य ठाउँमा डोजर चल्ने छैन भन्ने कुरामा हामी स्पष्ट छौं।" यसैगरी, सचिवालय बैठकले आगामी स्थानीय तहको निर्वाचनका लागि पार्टीको तर्फबाट उम्मेदवार बन्ने सदस्यले अनिवार्य रूपमा 'क्यान्डिडेट क्लब' र 'लीडरशिप एकेडेमी' उत्तीर्ण गरेको हुनुपर्ने निर्णय गरेको छ ।

बैठकले पार्टीको आगामी महाधिवेशनका लागि कार्यविधि समेत पारित गरेको छ । महाधिवेशनको मिति र स्थान भने केन्द्रीय समितिको आगामी बैठकले तय गर्ने प्रवक्ता झाले जानकारी दिए ।

# उत्पादनमुखी आत्मनिर्भर अर्थतन्त्रको रोडम्याप

-नेपालको समृद्धिका लागि कृषि, ऊर्जा र पर्यटन क्षेत्रको समन्वित विकास अपरिहार्य छ। बाँझो जमिनको उपयोग, जलविद्युत् र सौर्य ऊर्जा विस्तार, तथा गुणस्तरीय पर्यटन प्रवर्द्धनमार्फत आत्मनिर्भर र उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न सकिन्छ। सुशासन, पारदर्शिता र युवाशक्तिको सक्रिय सहभागिताले मात्र समृद्ध नेपालको सपना यथार्थमा बदल्न सकिन्छ।

नेपालमा दशकौंदेखि राजनीतिक परिवर्तन भए, नीति बने, योजना आए तर अपेक्षित परिणाम आएनन्। अब देशलाई दृष्टि, दृढ संकल्प र प्रभावकारी कार्यान्वयनले अघि बढाउनुपर्ने समय आएको छ। समृद्ध नेपालको सपना अब केवल कल्पना होइन, व्यवहारमा उतार्नुपर्ने राष्ट्रिय जिम्मेवारी हो। यस यात्रामा कृषि, ऊर्जा र पर्यटन आधारस्तम्भ हुन्, जसको समन्वित विकासले नेपाललाई उत्पादनमुखी, आत्मनिर्भर र दिगो अर्थतन्त्रतर्फ डोऱ्याउन सक्छ। नेपाललाई कृषिप्रधान देश भनेर चिनिन्छ, यथार्थमा कृषि क्षेत्र निरन्तर कमजोर बन्दै गएको छ। हजारौं हेक्टर जमिन बाँझो छ, गाउँ खाली हुँदै छन् र युवाशक्ति अवसरको खोजीमा विदेशिन बाध्य छ। हाम्रो अर्थतन्त्र उत्पादनभन्दा उपभोगतर्फ असन्तुलित रूपमा ढल्किएको छ। तैपनि नेपालको भूमि, जलवायु र जैविक विविधता विश्वमै अद्वितीय छन्। हिमालदेखि तराईसम्मको विविध हावापानीले बहुमूल्य कृषि उत्पादन सम्भव बनाउँछ। अबको आवश्यकता यस सम्भावनालाई वास्तविक उत्पादनमा रूपान्तरण गर्ने दृढ इच्छाशक्ति हो। कृषि क्षेत्रको पुनर्जागरणका लागि भूमिको प्रभावकारी उपयोग पहिलो सर्त हो। बाँझो जमिनलाई उत्पादनमा ल्याउन स्पष्ट नीति र प्रोत्साहन आवश्यक छ। सिँचाइको पहुँच विस्तार गर्दै वर्षामा निर्भर कृषिबाट बाहिर निस्कनुपर्छ। किसानले उत्पादन गरेपछि उचित मूल्य पाउने सुनिश्चितता हुनुपर्छ, जसका लागि बजार प्रणाली पारदर्शी र व्यवस्थित बनाउन आवश्यक छ। भण्डारण र प्रशोधन प्रविधिको अभावले ठूलो परिमाणमा उत्पादन खेर जाने अवस्था अन्त्य गर्न आधुनिक प्रविधिमा लगानी गर्नुपर्छ। साथै, सहुलियत कर्जा र प्रभावकारी बिमा प्रणालीमार्फत कृषिलाई सुरक्षित र आकर्षक बनाउन सकिन्छ।

आजको कृषि परम्परागत हलो-कोदालोमा सीमित छैन। यो प्रविधि, नवप्रवर्तन र उद्यमशीलतासँग जोडिएको क्षेत्र हो। ड्रोन, स्मार्ट सिँचाइ, डेटा विश्लेषण, डिजिटल बजार र एग्री-टेकले कृषिलाई नयाँ उचाइमा पुऱ्याउन सक्छन्। यदि सरकारले कृषि स्टार्टअपलाई प्राथमिकता दिँदै तालिम, लगानी र बजार पहुँच सुनिश्चित गऱ्यो भने युवाहरू कृषितर्फ आकर्षित हुन सक्छन्। जडीबुटी, जैविक मल, उच्च मूल्यका बाली र निर्यातमुखी उत्पादनले ग्रामीण अर्थतन्त्रलाई सशक्त बनाउनेछन्। ऊर्जा नेपालको सबैभन्दा ठूलो सम्भावनाको क्षेत्र हो। नेपालसँग जलविद्युत् उत्पादनको अपार सम्भावना छ। सौर्य ऊर्जा पनि उत्तिकै महत्त्वपूर्ण विकल्प हो। विश्व नै हरित ऊर्जातर्फ उन्मुख भइरहेका बेला नेपालले यस अवसरलाई सदुपयोग गर्न सके ऊर्जा आत्मनिर्भरता मात्र होइन, निर्यातमार्फत आर्थिक समृद्धि हासिल गर्न सक्छ। 'पानीलाई पैसा' मा रूपान्तरण गर्ने सपना अब यथार्थ बन्न सक्छ। जटिल अनुमति प्रक्रिया, प्रसारण लाइनको अभाव, लगानीको कमी, नीति अस्थिरता र प्रशासनिक ढिलासुस्तीले ऊर्जा क्षेत्रको विकासलाई अवरुद्ध गरिरहेका छन्। जलविद्युत् र सौर्य परियोजनाहरूका लागि लाइसेन्सिङ, पीपीए, ईआईए जग्गा अधिग्रहण र वित्तीय पहुँचलाई सरल बनाउनु आवश्यक छ। निजी क्षेत्रलाई प्रोत्साहन गर्दै अन्तर्राष्ट्रिय साझेदारीमार्फत पुँजी र प्रविधि भित्र्याउनुपर्छ। शून्य कार्बन उत्सर्जन गर्ने उद्योगहरूलाई प्राथमिकता दिँदै कार्बन ट्रेडिङ जस्ता नयाँ अवधारणालाई व्यवहारमा ल्याउन सकिन्छ। साथै, विद्युतीय सवारी र स्वच्छ ऊर्जाको प्रयोगलाई व्यापक बनाउँदै दिगो विकासतर्फ अघि बढ्नुपर्छ।

पर्यटन नेपालको खुला सम्भावनाको क्षेत्र हो, जहाँ प्रकृति, संस्कृति र आध्यात्मिकता एकै ठाउँमा भेटिन्छन्। तर पर्यटनलाई अझै संख्यामा मात्र मापन गर्ने प्रवृत्ति हावी छ, जबकि वास्तविक लाभ गुणस्तरमा निर्भर हुन्छ। पर्यटनको दिगो विकासका लागि आन्तरिक पर्यटनको प्रवर्द्धन आवश्यक छ। नेपालीले आफ्नै देश चिन्ने र घुम्ने संस्कृतिको विकास गर्नुपर्छ। ग्रामीण पर्यटन, होमस्टे, कृषि पर्यटन र सांस्कृतिक पर्यटनमार्फत स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउन सकिन्छ।



स्थानीय खाना, परम्परा, कला र पर्वलाई पर्यटनसँग जोड्दा अर्थतन्त्रसँगै पहिचान पनि सुदृढ हुन्छ। डिजिटल प्रवर्द्धन र अन्तर्राष्ट्रिय ब्रान्डिङले नेपाललाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन सक्छ। आजको कृषि परम्परागत हलो-कोदालोमा सीमित छैन। यो प्रविधि, नवप्रवर्तन र उद्यमशीलतासँग जोडिएको क्षेत्र हो। ड्रोन, स्मार्ट सिँचाइ, डेटा विश्लेषण, डिजिटल बजार र एग्री-टेकले कृषिलाई नयाँ उचाइमा पुऱ्याउन सक्छन्। यी तीन क्षेत्रको समन्वित विकासका लागि सशक्त आर्थिक र नीतिगत सुधार अपरिहार्य छ। सबैभन्दा पहिले बजेटको शतप्रतिशत कार्यान्वयन सुनिश्चित गरिनुपर्छ।

केवल कर र अनुदानमा निर्भर रहने परम्परा तोड्दै सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमार्फत ऊर्जा, कृषि, प्रविधि, उत्पादन र पर्यटन क्षेत्रमा ठूला परियोजनाहरू अघि बढाउनुपर्छ। कर्जा नीतिलाई धितोमा सीमित नगरी सम्भावनामा आधारित बनाउँदै नवप्रवर्तनशील र उत्पादनमुखी परियोजनाहरूमा लगानी प्रवाह बढाउनुपर्छ। आर्थिक गतिविधि विस्तार गर्न मौद्रिक नीतिलाई लचिलो बनाउँदै ब्याजदर न्यून राख्नुपर्छ र नगद प्रवाह सहज बनाउनुपर्छ। विदेशी लगानी नीति सरल र आकर्षक बनाउँदै संयुक्त उद्यममार्फत ठूलो पुँजी भित्र्याउनुपर्छ। पुँजी बजारलाई सशक्त बनाउन विदेशी लगानीकर्ताका लागि खुला गर्दै आधुनिक ट्रेडिङ प्रणाली लागू गर्न सकिन्छ। स्टार्टअपलाई प्राथमिकतामा राख्दै नवप्रवर्तन, रोजगारी सिर्जना र आर्थिक गतिशीलता बढाउन सकिन्छ। औद्योगिक विकासका लागि उत्पादनमुखी उद्योगहरूलाई प्रोत्साहन गर्नुपर्छ। 'मेड इन नेपाल' अभियानलाई सशक्त बनाउँदै कपडा, हस्तकला, खाद्य, कस्मेटिक्स, इलेक्ट्रोनिक्स र सफ्टवेयर उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन आवश्यक छ। नेपाली जडीबुटी, प्राकृतिक स्रोत र खनिजहरूको दिगो उपयोगले अर्थतन्त्रलाई थप बलियो बनाउन सक्छ। प्राकृतिक मुहानको खनिजयुक्त पानी निर्यात जस्ता नयाँ सम्भावनाहरू पनि खोज्न सकिन्छ। सामाजिक क्षेत्रको सुदृढीकरणबिना दिगो विकास सम्भव छैन। गुणस्तरीय र व्यावहारिक शिक्षा प्रणालीले दक्ष जनशक्ति उत्पादन गर्छ भने प्रभावकारी स्वास्थ्य सेवाले नागरिकको जीवनस्तर उकास्छ। स्वास्थ्य बिमा प्रणालीलाई सुदृढ बनाउँदै सबै नागरिकको पहुँच सुनिश्चित गर्नुपर्छ। हानिकारक वस्तुको आयातलाई निरुत्साहित गर्दै स्वस्थ समाज निर्माणतर्फ ध्यान दिनुपर्छ। नेपालको भौगोलिक अवस्थालाई कमजोरी होइन, अवसरका रूपमा लिनुपर्छ। भारत र चीनबीचको आर्थिक पुलका रूपमा नेपालले व्यापार, पारवहन र कूटनीतिक सम्बन्ध विस्तार गर्न सक्छ। यसले नेपाललाई क्षेत्रीय अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्न सक्षम बनाउनेछ। मुख्य विषय भनेको सुशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति कडाइका साथ लागू नगरी कुनै पनि योजना सफल हुन सक्दैन। पारदर्शिता, उत्तरदायित्व र प्रविधिमा आधारित प्रशासनिक प्रणालीमार्फत जनविश्वास पुनःस्थापित गर्नुपर्छ। युवाको वैदेशिक पलायन रोक्न रोजगारी सिर्जना, सीप विकास र निजी क्षेत्रसँग सहकार्य अनिवार्य छ। नेपालको समृद्धि कुनै एक क्षेत्र, एक नीति वा एक संस्थाबाट सम्भव हुँदैन। यो साझा प्रयास, साझा दृष्टि र साझा जिम्मेवारीको परिणाम हो। कृषि, ऊर्जा र पर्यटनलाई केन्द्रमा राख्दै उत्पादनमुखी अर्थतन्त्रतर्फ अघि बढ्नु नै नेपालको दीर्घकालीन समाधान हो। अबको समय बाँझो जमिनलाई हरियालीमा बदल्ने, पानीलाई ऊर्जा र आम्दानीमा रूपान्तरण गर्ने र प्राकृतिक सम्पदालाई समृद्धिको आधार बनाउने। यदि हामी सबै एउटै लक्ष्यतर्फ प्रतिबद्ध भएर अघि बढ्यौं भने समृद्ध नेपाल केवल सपना रहने छैन, यथार्थ बन्नेछ।

**सांभार : कान्तिपुर।**

# सरकारले विधि मासेर शासन गर्न खोजेका: साह



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २० बैशाख**

आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार र यसका नेतृत्वले विधि मासेर शासन गर्न खोजेको टिप्पणी गरेका छन्। अध्यक्ष साहले प्रधानमन्त्री बालेन्द्र शाहले विधि मासेर बल प्रयोग गर्दै लामो समयसम्म शासन गर्न खोजेको संकेत मिलेको भन्दै यस्तो शासन नेपाली जनतालाई अस्विकार्य हुने चेतावनी दिएका हुन्।

आइतबार सिराहाको गोलबाजारमा पार्टीले आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसद् छलेर अध्यादेशबाट शासन गरिनु संसदीय लोकतन्त्रको उपहास भएको भन्दै जननिर्वाचित सर्वोच्च थलो संसद्को सर्वोच्चता कायम गर्न सुझाव दिए। विगतमा केपी ओलीले अध्यादेशबाट शासन गर्न खोज्दा र संसद्को अपमान गर्दा व्यहोरेको राजनीतिक क्षतिलाई पनि स्मरण गर्न उनले वर्तमान सरकार र रास्वपा नेतृत्व पंक्तिलाई सुझाव दिए।




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday